# अन्नपूर्ण गाउँपालिका

## स्थानीय राजपत्र

वर्षः ७, भागः २, खण्डः २, मितिः २०८० साल माघ १८ गते


सम्वत् २०८० सालको कार्यविधि नं २

## हरियो घाँस बिस्तार कार्यक्रम कार्यविधि - २०८०

### प्रस्तावना

अन्नपूर्ण गाउँपालिका पशुपंक्षी विकासको क्षेत्रमा निरन्तर क्रियाशील रहँदै आएको छ। कृषकले उत्पादन गरेका कृषि तथा पशुपंक्षी उपजको लागत न्यूनिकरण गरि पशुजन्य उत्पादित बस्तुलाई प्रतिस्पर्धा गराई बजार पुर्याउन आवश्यकता छ । हरियो घाँस उत्पादन कार्यक्रमलाई परिमाणका आधारमा अनुदान उपलब्ध गराउँदा कृषक बर्गमा उत्साह बढ्न गई हाल बिद्यमान उत्पादनमा लागत कम भई पशु बस्तुको सन्तुलित आहारा आपूर्ति हुनुको साथै कृषकलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले **प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपंक्षी तथा मत्स्य बिकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०८०** को अधिनमा रही अन्नपुर्ण गाउँपालिकाको कार्यालयले **हरियो घाँस बिस्तार कार्यक्रम कार्यविधि** २०८० प्रति रोपनी/ हेक्टर क्षेत्रफलको आधारमा प्रोत्साहन अनुदान सहगोग कार्यक्रम कार्यबिधि २०८० स्थानीय तह संचालन नियमावलीको अधिनमा रही अनुदान वितरण प्रकृयालाई व्यवस्थित सरल सहज प्रभावकारी तथा पारदर्शी बनाउन यो कार्यबिधि तयार गरि लागु गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यबिधिको नाम "**हरियो घाँस बिस्तार कार्यक्रम कार्यविधि २०८०**" रहेको छ ।

ख. यो कार्यबिधि अन्नपुर्ण गाउँपालिका गाउँ कार्यपालिकाले पास गरि स्थानीय राजपत्रमा प्रकाशित गरेपछि लागू हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. कार्यालय भन्नाले अन्नपुर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, माछापोखरी, कास्की सम्झनु पर्दछ ।

ख. कार्यबिधि भन्नाले कार्यालयले तयार पारेको प्रति रोपनी / प्रति हेक्टर हरियो घाँस खेति लगाएको कृषकलाई उत्पादनको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रम कार्यविधि २०८० सम्झनु पर्दछ ।

ग. समिति भन्नाले दफा ६ अनुसारको समिति सम्झनु पर्दछ ।

**३. उद्देश्यहरुः**

क. हरियो घाँस खेति गरि पशु आहारको आपूर्ति तथा उत्पादन लागत कम गर्ने ।

ख. अनुदान वितरण नीतिलाई उत्पादनमा आधारित बनाउने ।

ग. ठुला साना तथा सिमान्तकृत कृषकहरुलाई संगठित तथा व्यवसायमुखी बनाउने ।

घ. अनुदान वितरण प्रकृयालाई सरल सहज प्रभावकारी तथा पारदर्शी बनाउने ।

**४. कार्यक्रम संचालन प्रकृया**

क. हरियो घाँस खेति गरेका ब्यबसायीक फर्म / कृषक / समूह/ सहकारी संस्थाहरुलाई लक्षित गरी अनुसूची १ को ढाँचामा प्रस्ताव आव्हान गरिने छ ।

ख. ब्यबसायीक फार्म / कृषक / समूह / सहकारी संस्थाहरुले तोकीएको म्याद भित्र अनुसूची २ को ढाँचामा कार्ययोजना भरि अनुसूची ३ को ढाँचामा सम्बन्धित वडा कार्यालको सिफारिस सहित पशु सेवा शाखामा आवेदन दिनुपर्नेछ । यस कार्यक्रममा सम्मिलित हुन चाहने कृषक / समूह / सहकारी संस्थाले दफा ४ बमोजिम मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

ग. ब्यबसायीक फार्म / कृषक / समूह / सहकारी संस्थाहरुबाट आएका आवेदनहरुलाई अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले स्वीकृत गर्नेछ।

घ. अनुदानको लागि छनौट भएका ब्यबसायीक फार्म / कृषक / समूह / सहकारी संघ/ संस्थासँग कार्यालयले अनुसूची ५ बमोजिम सम्झौता गर्नेछ ।

ङ. सम्झौता पछि छनौट भएका ब्यबसायीक फार्म / कृषक / समूह / सहकारी संस्थाहरुलाई कार्यालयबाट बिनियोजित बजेटको –सशर्त- परिधिभित्र रही उक्त फर्म / कृषक / संस्थाको नाममा संचालन भएको बैंक खातामा अनुदान रकम उपलब्ध गराउने छ ।

च. अनुदान रकम प्राप्त गर्नको लागि ब्यबसायीक फर्म / कृषक / समूह / सहकारी संस्थाले हिउदे घाँस खेति ( जई, भेच, बर्षिम, आदि ) लगायको लाई प्रति रोपनी बढीमा रु १५००/ का दरले स्थल गत अबलोकन रेकर्ड तथा रिपोर्टका आधारमा उपलब्ध गराईने छ।

छ. अनुदान रकम प्राप्त गर्नको लागि ब्यबसायीक फ़ार्म / कृषक / समूह / सहकारी संस्थाले नयाँ बोट डाले घाँस खेति (बडहर, राईखन्यु, नीबारो, ईपिलईपिल, टाकी, आदि) लगायको लाई प्रति रोपनी बढीमा रु २०००/ वा प्रति बोट २० का दरले जुन कम हुन्छ, स्थलगत अबलोकन रेकर्ड तथा रिपोर्टका आधारमा उपलब्ध गराईने छ।

ज. नयाँ जग्गामा बहुबर्से भुइँ घाँस खेति नेपीयर सेटेरीया मलाटो आदिको हकमा १ पटकलाई प्रति रोपनी बढीमा रु १५००/ का दरले उपलब्ध गराईने छ।

**५ कृषक / समूह / सहकारी संस्थाको मापदण्डः**

हरियो घाँस उत्पादक ब्यबसायीक फर्म / कृषक/ समूह/ सहकारी संस्थाको मापदण्ड देहाय बमोजिमको हुनेछः

क. कम्तिमा ५ रोपनी र बढिमा २० रोपनी जग्गामा हरियो घाँस खेति गरेको हुनुपर्ने छ ।

ख. व्यबसायिक पशु पालन र उत्पादन तथा बिक्रिलाई अबलम्बन गरेको हुनुपर्ने छ ।

ग. घाँस खेति को बीउ उत्पादनमा समेत टेवा पुर्याउने हुनुपर्दछ ।

घ. पाडी बाच्छी पालनमा सम्लग्न भएको हुनुपर्दछ ।

ङ. जग्गा भाडामा भए सोको सम्झौता पत्र हुनुपर्दछ ।

**६. समिति सम्बन्धि व्यवस्थाः**

६.१ कार्यक्रम संचालनको लागि देहाय बमोजिमको अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समिति गठन हुने छ ।

| | |
|---|---|
| क आर्थिक विकास समितिको संयोजक अन्नपुर्ण गाउँपालिकाको कार्यालय | -संयोजक |
| ख. शाखा प्रमुख सहकारी शाखा अ.गा.पा. को कार्यालय | -सदस्य |
| ग. शाखा प्रमुख कृषि सेवा शाखा अ.गा.पा.को कार्यालय | -सदस्य |

घ. शाखा प्रमुख पशु सेवा शाखा अ.गा.पा.को कार्यालय -सदस्य सचिव

२. अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै बिज्ञ बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६.३ अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकारः यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) अवश्यक परेमा समितिले फिल्ड प्रमाणीकरण टोली गठन, गुणस्तर मापन, तथा सहजीकरण गरी कार्य गराउने।

(ख) अनुदान रकम तोक्ने ।

(ग) कृषक / समूह / सहकारीहरुको स्थलगत अनुगमन र निरिक्षण गरि उत्पादनका आधारको अनुदान व्यवस्थापन तथा मूल्याङ्कन समितिले प्रतिवेदनको आधारमा औचित्य हेरी सिफारिस सगै स्वीकृत/ अस्विकृत गर्न सक्ने छ ।

**७. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन कार्यालयले आवश्यकता अनुसार गर्नेछ । अनुगमन/ निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रमाणीत गरी आवश्यक भएमा कार्यपालिका बैठक वा अन्य समितिहरुमा पेश गरिने छ ।

**८. आर्थिक प्रशासन सेवाः** यस कार्यविधि बमोजिम गठन भएका समितिहरुको बैठकमा उपस्थित पदाधिकारीहरुलाई कार्यमा थप जिम्मेवारी तथा प्रोत्सहानको लागि बैठक भत्ता कार्यालयबाट नियम अनुसार उपलब्ध हुनेछ । अनुगमन मूल्याङ्कन तथा स्थलगत निरीक्षण कार्यमा खटिदा खटाईएका व्यक्तिहरुलाई नियमानुसार भत्ता कार्यालयबाट भुक्तानी हुनेछ ।

**९. थपघट वा हेरफेरः** यस कार्यालयको कार्यान्वयन पक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसार गाउँकार्यपालिका बैठकबाट थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

अनुसूची १

**परिच्छेद ३ को दफा ८ को उपदफा १ सँग सम्बन्धीत**

**प्रस्ताव आह्वानको सूचना**

**अन्नपुर्ण गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय माछापोखरी, कास्की**

**हरियो घाँस बिस्तार कार्यक्रम कार्यविधि २०८०** मार्फत अनुदान उपलब्ध गराउने प्रयोजनको लागि प्रस्ताव आव्हानको ढाँचाः

# सूचना

**(प्रथम पटक प्रकाशन गरिएको मितिः ...............)**

अन्नपुर्ण गाउँपालिका, गाउँकार्यपालिको कार्यालय, माछापोखरी ,कास्कीको आर्थिक बर्ष २०८०/२०८१ मा स्वीकृत **हरियो घाँस बिस्तार कार्यक्रम** अनुसार घाँस खेति गरेका ब्यबसायीक फर्म /कृषक/ समूह / सहकारी संस्थालाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रम अनुसार ईच्छुक योग्यता पुगेका ( कम्तिमा ५ रोपनी र बढिमा २० रोपनी क्षेत्रफलमा घाँस खेति गरेका, नयाँ जग्गामा डाले घाँस, तथा बहुबर्से भुइँ घाँस खेति गरेका ) ब्यबसायीक फ़ार्म / कृषक / समूह / सहकारी संस्थाले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयलमा निम्न अनुसारका कागजात विवरण सहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसूचीहरु सम्बन्धित वडा कार्यालय तथा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरुः

१. अनुसूची ३ बमोजिमको आवेदन पत्र ।

२. ब्यबसायीक फार्म / सहकारी संस्थाको हकमा दर्ता प्रमाण पत्रको छायाँप्रति ( नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको ) ।

३. नागरिकता, पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।

४. गत आ.ब.को प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।

५. सहकारीको कार्यसमिति बैठकको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति

६. अनुसूची २ बमोजिमको विवरण भरेको कार्ययोजना फारम ।

७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

८. घाँस खेति गरेको जग्गाको पुर्जाको छायाँप्रति/ /जग्गा भाडामा भए सोको सम्झौता पत्र ।

**अनुसूची २**

**हरियो घाँस बिस्तार** कार्यक्रम कार्यविधि २०८०

**परिच्छेद ३ को दफा ८ को उपदफा ३** सँग सम्बन्धित

**संक्षिप्त कार्य योजना**

१ आवेदकको विवरण

| | |
|---|---|
| आबेदको नाम थर | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| ठेगाना | |
| सम्पर्क नं | |
| दर्ता भयको भए दर्ता नं निकाय र मिति | |

२.हालको ब्यबसायको संलग्नता

| | | | | |
|---|---|---|---|---|
| संचालित क्रियाकलापहरु | | | | |
| | हाल संचालित क्रियाकलापहरु | | | |
| | हरियो घाँस खेति | | | |
| क्र.स | घाँस खेतिको नाम | क्षेत्रफल | जमिनको कित्ता न | कैफीयत |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३.प्रस्तावित ब्यबसायको बिबरण/ अनुदान माग

| क्र.स | प्रस्तावित क्रियाकलाप/ घाँस खेति | इकाई | परिमाण | दर | जम्मा माग रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

४. हासिल हुने अपेक्षित उपलब्धिहरु

**अनुसूची ३**

**हरियो घाँस बिस्तार कार्यक्रम कार्यविधि २०८०**

**परिच्छेद ३ को दफा ८ को उपदफा ३ सँग सम्बन्धित**

हरियो घाँस विस्तार घाँस खेतिको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा ब्यबसायीक फ़ार्म / कृषक / समूह / सहकारी संस्थाले कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः २०...../...../....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

अन्नपुर्ण गाउँपालिका,

गाउँका र्यपालिकाको कार्यालय, माछापोखरी, कास्की ।

बिषयः **हरियो घाँस विस्तार** प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा ताहाँ कार्यालयको मिति.............................. गते प्रकाशन गरिएको सूचना अनुसार यस .................................ब्यबसायीक फ़ार्म / कृषक / समूह/ सहकारी सस्था.................... ले **हरियो घाँस विस्तार कार्यक्रममा** कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रमको लागि कार्यक्रममा समाबेश हुन ईच्छुक रहेकाले तपशील अनुसारका कागजात सहित यो निवेदन पेश गरेका छु / छौं//।

**तपशीलः**

१. ब्यबसायीक फम /सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको) ।
२. पान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।
३. गत आ.बको प्रमाणित अडिट रिपोर्टको छायाँ प्रति ।
४. सहकारीको कार्यसमिति बैठको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।
५. अनुसूची २ बमोजिमको कार्ययोजना भरेको फारम ।
६. ............ नं. वडा कार्यालयको सिफारिस पत्र ।
७. घाँस खेति गरेको जग्गाको पुर्जाको छायाँप्रति / भाडामा भए भाडा सम्झौता पत्रको प्रतिलिपी

**निवेदक**

नाम थरः

पदः

ठेगानाः

सम्पर्क नं

संस्थाको छापः

अनुसूची ४

**परिच्छेद ३ को दफा ८ को उपदफा ४ सँग सम्बन्धित**

**प्रस्ताव अनुगमन मूल्यांकन फारम**

| क्र.स | बिबरण | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आबश्यक कागजातको संलग्नता | ६ | |
| २ | लक्षित बर्ग क्षेत्र र मापदण्ड अनुरुप आवेदकको उपयुक्तता | १२ | |
| ३ | प्रस्ताबित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता, ब्यबसायिकता | १२ | |
| ४ | सान्दर्भिकता र कार्यक्रमसंगको तालमेल / न्यूनतम रोपनी | १५ | |
| ५ | कार्ययाजोनामा लागत साझेदारीको आँकलन | ५ | |
| | जम्मा | ५० | |

| घाँस खेतिको नाम | माग गरेको क्षेत्रफल रोपनी | अनुगमनमा देखिएको घाँस लगाएको क्षेत्रफल/रोपनी | प्रति रोपनी अनुदान | जम्मा स्वीकृत रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुगमन कर्ताः पद हस्ताक्षर

१. श्री

२. श्री

३. श्री

४. श्री

## अनुसूची ५

## परिच्छेद ३ को दफा ८ को उपदफा ७ संग सम्बन्धित

## दुई पक्षीय सम्झौता पत्र

अन्नपुर्ण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, माछापोखरी कास्की (यस पछि प्रथम पक्ष भनिने ................................... व्यवसायीक फार्म / कृषक / सहकारी संस्था .............................. (यस पछि दोस्रो पक्ष भनिनेछका बीच हरियो घाँस उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहान अनुदान सहगोग कार्यक्रममा तपशीलका शर्तहरुको अधिनमा रही मुलुकी देवानी संहिता -२०७४ बमोजिम यो सम्झौता दुबै पक्षबाट पालना गर्ने ⁄गराउने गरी दुईपक्षीय सम्झौता गरिएको छ ।

<u>तपशील:</u>

१. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम रु. .................... (अक्षरुपी..............................)दोस्रो पक्षलाई बैंक खातामा एकमुष्ट रुपमा एकाउण्ट पेयी चेक मार्फत जम्मा गरिदिने छ ।

२. दोस्रो पक्षले वडा समितिका सदस्य समेतको उपस्थितिमा मापदण्ड तयार पारी कृषकलाई कुनै भेदभाव नहुने गरी न्यूनतम ५ रोपनी भन्दा माथि हरियो घाँस खेति गरेका कृषकहरु लाई भुईं घाँस प्रति रोपनी बढीमा रु १५००/ का दरले र डाले घाँस प्रति रोपनी बढीमा रु. २००० का दरले प्रोत्साहन मापदण्ड बमोजिम अनुदान रकम उपलब्ध गराउनुपर्ने छ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष अनुदान उपलब्ध गराएको भरपाई / प्रगति ⁄यस सम्झौता पश्चात रकम उपलब्ध भएको बढिमा एक महिना भित्र पेश गर्नुपर्ने छ ।

४. अनुदान रकम लाई कुनै पनि वाहानामा अन्य संचालन तथा व्यवस्थापन खर्चमा माग गर्न पाउने छैन ।

५. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यक्रमको अनुगमन / निरीक्षण गरि संचालित कार्यक्रम लक्ष / संझौता अनुरुपको भए नभएको हेर्न र आबस्यक निर्देशन गर्न सक्ने छ ।

६. दोस्रो पक्षले अनुदान रकम प्राप्त पश्चात कार्य प्रगति सन्तोषजनक नरहेमा वा दुरुपयोग गरेको पाईएमा प्रथम पक्षले कानून बमोजिम कार्यवाहीको लागि प्रकृया अगाडि बढाउन सक्नेछ ।

७. अनुदान वितरण कार्य पारदर्शी तथा प्रभावकारी कार्यान्वयनको लागि दोस्रो पक्षले जिम्मेवारी लिनुपर्नेछ ।
   यस सम्झौतामा उल्लिखित कुराहरु यसै बमोजिम तथा अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. उल्लेखित शर्तहरु दुवै पक्षले इमान्दारीपूर्वक पालना गरिने छ कुनै पक्षबाट शर्तहरु उल्लङ्घन भएमा मर्का पर्ने पक्ष कानून बमोजिम गर्न स्वतन्त्र रहने छ ।

| | |
|---|---|
| **दोस्रो पक्ष** | **प्रथम पक्ष** |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| फर्म / सहकारी संस्थाको नामः | कार्यालयको नामः |
| ठेगानाः | ठेगानाः |
| छापः | छापः |

रोहबर

१.

२.

ईति सम्बत् २०८० साल .................... महिना ........ गते रोज ...... शुभम् ।

**प्रमाणिकरण मितिः २०८०/०९/२४**

**आज्ञाले**
**खेमराज देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**